# कटारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड:०८** **संख्या:०१** **मिति:२०८१/०/१२**

## श्री जनमुखी मा.वि. बसेरीमा स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत छात्रवृत्ति वापत अक्षयकोष सञ्चालन कार्यविधि २०८१

कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०१/११

**प्रस्तावना**

कोशी प्रदेश उदयपुर जिल्ला कटारी नगरपालिका वडा नं. १२ निवासी श्री रत्न बहादुर राउतले स्व. पिता जित बहादुर राउत तथा माता नेत्र कुमारी राउतको नाममा अक्षयकोष राख्ने ईच्छा राखेको हुँदा उक्त अक्षयकोषको ब्याजबाट बिद्यालयको प्रगति, समृद्धिका साथै शैक्षिक उन्नयनका निम्ति समाज रुपान्तरण गर्दै बालबालिकामा भएका अज्ञानरुपी अन्धकारलाई हटाई शिक्षारुपी किरण प्राप्त गर्ने अवसर प्रदान गर्नका लागि उक्त अक्षयकोष सञ्चालनार्थ कार्यविधि आवश्यक परेकाले कटारी नगरपालिकाको प्रशासकीय नियमित गर्ने कार्यविधि २०७५ को दफा ४ बमोजिम यो कार्यविधि बनाई लागू गरिएको छ ।

यस विद्यालयको नाममा अक्षयकोष स्थापना गर्न दाताहरुको पितृ कुलको वंश वृक्षलाई यसरी प्रस्तुत गरिन्छ ।

कटारी नगरपालिका राजपत्र

वंशवृक्ष

स्व. जित बहादुर राउत + नेत्र कुमारी राउत

रत्न बहादुर राउत+मेनका देवी राउत

मीन कुमार राउत+कल्पना कुमारी खड्का राउत

आयुष राउत, आर्तव राउत

अम्बर बहादुर राउत+ विजय राउत

नेशन राउत, ऋषिका राउत

## परिच्छेद १

**१ संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम श्री जनमुखी मा.वि. बसेरीमा अवस्थित स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत छात्रवृत्ति वापत अक्षयकोष २०८० रहनेछ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

ग) यो कार्यविधि श्री कटारी नगरकार्यपालिकाले अनुमोदन गरेपछि तुरुन्त लागू हुनेछ।

घ) यस अक्षयकोषको सचिवालय उदयपुर जिल्ला कटारी न.पा. १२ स्थित श्री जनमुखी मा.वि. बसेरीमा रहने छ।

**दफाः २ परिभाषा**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :-**

क) **बिद्यालय** भन्नाले श्री जनमुखी मा.वि. बसेरीलाई जनाउँदछ।

ख) **नगरपालिका** भन्नाले कटारी नगरपालिकालाई बुझाउँदछ।

ग) **कार्यविधि** भन्नाले श्री जनमुखी मा.वि. बसेरीमा स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत जेहेन्दार छात्रवृत्ति वापतको अक्षयकोष २०८० को कार्यविधिलाई जनाउँदछ।

कटारी नगरपालिका राजपत्र

घ) **अक्षयकोष ब्यबस्थापन समिति** भन्नाले जनमुखी मा.वि. बसेरीमा स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत जेहेन्दार छात्रवृत्ति वापत अक्षयकोष समितिलाई जनाउँदछ ।

ङ) **संरक्षक** भन्नाले श्री जनमुखी मा.वि. बसेरीमा स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत जेहेन्दार छात्रवृत्ति वापत अक्षयकोष संरक्षकलाई जनाउँदछ ।

च) **दाता** भन्नाले अक्षयकोष स्थापनाको लागि श्री जनमुखी मा.वि. बसेरीमा स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत जेहेन्दार छात्रवृत्ति वापत अक्षयकोषलाई रकम प्रदान गर्ने ब्यक्ति श्री रत्न बहादुर राउत तथा मेनकादेवी राउतलाई जनाउँदछ ।

छ) **कोष** भन्नाले श्री जनमुखी मा.वि. बसेरीमा स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत जेहेन्दार छात्रवृत्ति वापत अक्षयकोषलाई जनाउँदछ ।

ज) **सदस्य** भन्नाले यस कार्यविधि अन्तर्गत गठन हुने कोष ब्यवस्थापन समितिको सदस्यलाई जनाउँदछ ।

झ) **सल्लाहकार वा सल्लाहकार परिषद** भन्नाले यस कार्यविधि अन्तर्गत गठन हुने सल्लाहकार वा सल्लाहकार परिषदलाई जनाउँदछ ।

ञ) **ब्याज** भन्नाले श्री जनमुखी मा.वि. बसेरीमा स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत जेहेन्दार छात्रवृत्ति वापत अक्षयकोषको मूलधनबाट प्राप्त हुने बैंक ब्याजलाई जनाउँदछ ।

ट) **सचिवालय** भन्नाले श्री जनमुखी मा.वि. बसेरीमा स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत जेहेन्दार छात्रवृत्ति वापत अक्षयकोषको सचिवालयलाई जनाउँदछ ।

ठ) **बिद्यार्थी** भन्नाले श्री जनमुखी मा.वि. बसेरीमा अध्ययनरत बिद्यार्थीहरुलाई सम्झनु पर्नेछ ।

परिच्छेद २

**दफा : १ कोषको स्थापना**

श्री  जनमुखी मा. वि बसेरीका विद्यार्थीहरूमा सर्वोत्कृष्ट शैक्षिक स्तर हाँसिल गर्न प्रोत्साहन हेतु जिल्ला उदयपुर कटारी न . पा. वडा नं १२ बस्ने श्री रत्नबहादुर राउत र मेनका देवी राउतले श्री जनमुखी मा. वि. बसेरीको मातहतमा संचालन हुने गरी विद्यालयलाई प्रदान गर्नु भएको रू. २,०१,१५१।- ( अक्षेरेपी दुई लाख एक हजार एक

सय एकाउन्न मात्र ) रकमबाट श्री जनमुखी मा. वि. बसेरीमा स्व. जीतबहादुर राउत तथा नेत्र कुमारी राउत जेहन्दार छात्रवृत्ति अक्षय कोष स्थापना गरिएको छ ।

**दफा : २ कोष संचालन प्रक्रिया**

क) कोषमा प्राप्त रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' वर्गको जुनसुकै बैङ्कमा खाता खोली अक्षय कोष खडा गरिने छ । उक्त खाता श्री जनमुखी मा. वि. बसेरीका प्र. अ. एवम् अक्षय कोषको संस्थापक वा निजले तोकेको नजिकको हकदार मध्ये कुनै एक जना सदस्यको संयुक्त हस्ताक्षरमा संचालन हुने छ । कोषको मूलधन चलाउन पाईने छैन् र बैङ्कबाट प्राप्त ब्याज श्री जनमुखी मा. वि. बसेरीमा बर्षेनी एस.इ.इ.मा उत्कृष्ट नतिजा ल्याउने छात्र - १ र छात्रा - १ लाई प्रदान गरिने छ ।

ख) छात्रवृत्ति वितरण प्रक्रिया

१) एस.इ.इ.मा उत्कृष्ट नतिजा ल्याउने छात्र - १ जनालाई

२) एस.इ.इ.मा उत्कृष्ट नतिजा ल्याउने छात्रा - १ जनालाई

३) छात्रवृत्तिको रकम बराबर हुनेछ ।

४) छात्रवृत्तिको रकमसगँ प्रमाण - पत्र पनि प्रदान गरिने छ ।

५) छात्रवृत्ति वितरण समारोह छात्रवृत्ति अक्षयकोष स्थापना गर्ने व्यक्ति वा निजको नातेदार तथा अक्षयकोष व्यवस्थापन समितिको उपस्थितिमा हुनेछ ।

**परिच्छेद - ३**

**दफा - १ उद्देश्यहरू**

क) शिक्षाको महत्त्वलाई अभिवृद्धि गर्नु ।

ख) विद्यार्थीलाई अध्ययन तर्फ आकर्षित गर्नु।

ग) विद्यालय मार्फत शैक्षिक प्रगतिको निम्ति समाजमा रहेका व्यक्ति र अन्य संघसंस्थालाई समेत प्रोत्साहन र यस्ता कार्यमा सहभागिता बढाउनु ।

घ) विद्यालयको शैक्षिक स्तर उकास्न, हौसला ,सम्मान प्रदान गर्नु ।

**दफा - २ कोषको संरक्षक**

क) यस नियमावलीको परिच्छेद १ को दफा २ को 'ङ' अनुसारको व्यक्ति कोषको संरक्षक हुनेछ तर संरक्षकले आफू जीवित हुँदै वा आफ्नो मृत्यू पश्चात आफूले इच्छाएको व्यक्तिलाई संरक्षक बनाउन चाहेमा विद्यालयलाई जानकारी गराउनु पर्नेछ ।

ख) कारणवस संरक्षकले इच्छाएको व्यक्तिको घोषणा नै नगरि संरक्षकको मृत्यू भएमा निजको नजिकको जेष्ठताको क्रम अनुसार नाता पर्ने एक जनालाई संरक्षकमा पदासिन गराइने छ ।

## परिच्छेद ४

### दफा : १ कोष व्यवस्थापन समितिको गठन प्रक्रिया :

कोषलाई ब्यबस्थित रुपले सञ्चालन गर्नका लागि श्री जनमुखी मा.वि. बसेरीको मातहतमा रहने गरी बढीमा ७ सदस्यीय अक्षयकोष ब्यवस्थापन समिति गठन गरिनेछ । उक्त समिति गठन प्रक्रिया निम्नानुसार रहने छ :

क) श्री जनमुखी मा.वि. बसेरीका बि.ब्य.स. अध्यक्ष - अध्यक्ष

ख) संरक्षक वा निजले तोकेको नजिकको हकदार पदेन सदस्य - १ जना

ग) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको ब्यक्ति - १ जना पदेन सदस्य

घ) शिक्षकहरुबाट - १ जना सदस्य

ङ) शिक्षा प्रेमी समाजसेवी, बुद्धिजिवीहरुमध्ये बाट १ जना महिला पर्ने गरि - २ जना सदस्य

च) जनमुखी मा.वि. बसेरीको प्र.अ.: - सदस्य सचिव

**दफाः २ कोष ब्यवस्थापन समितिको काम कर्तब्य र अधिकार**

क) छात्रवृत्ति अक्षयकोषको कार्यविधिलाई अक्षरशः पालना गर्ने ।

ख) श्री जनमुखी मा.वि. बसेरीको मातहतमा रही कोषको संरक्षण ,सम्बर्धन ,ब्यवस्थापन तथा परिचालन गर्ने ।

ग) एस.इ.इ मा उत्कृष्ट नतिजा ल्याउने छात्र १ र छात्रा १ गरी सिफारिस गर्ने ।

घ) सल्लाहकार समिति वा सल्लाहकार परिषद गठन गर्ने ।

ङ) कोष सम्बन्धि सम्पूर्ण कार्यहरु गर्ने ।

च) आवश्यकता अनुसार बैठक बसी निर्णय गर्ने ।

**दफा :३ कोष ब्यवस्थापन समितिका पदाधिकारीहरुको काम कर्तब्य र अधिकार**

क) अध्यक्षको काम कर्तब्य र अधिकार

- बैठकको अध्यक्षता गर्ने ।
- कोषको संरक्षण गर्ने।
- बेठकमा मत बराबर भए निर्णायक मत दिने ।
- समितिका पदाधिकारीहरुलाई नियमावलीहरुको पालना गर्न लगाउने ।

**ख) सदस्य सचिवको काम कर्तब्य र अधिकार**

- अध्यक्षको मातहतमा रही कामकाज गर्ने ।
- बैठकका प्रस्ताव तयार पार्ने ।
- बैठकको निर्णय र कोषको खातापाता दुरुस्त राख्ने ।

**ग) संरक्षकको काम कर्तब्य र अधिकार**

- कोषको संरक्षण र कोषको अध्यक्षलाई सहयोग गर्ने
- आफू जीवित छँदै वा मृत्यु पश्चात हुनेगरी उत्तराधिकारीको घोषणा गर्ने ।

**घ) सदस्यहरुको काम कर्तब्य र अधिकार**

- बैठकमा उपस्थित भई प्रस्ताव उपर छलफल गरी निर्णय दिने ।
- अध्यक्षको निर्देशन पालना गर्दै कोषको हितमा काम गर्ने ।

**दफाः ४ सल्लाहकार परिषदको गठन**

अक्षयकोष ब्यबस्थापन समितिले आवश्यक सल्लाह सुझाव प्राप्त गर्न बढीमा ३ सदस्य रहेको सल्लाहकार परिषद चयन गर्न सक्नेछ ।

**क) सल्लाहकार परिषद गठन विधि**

- सम्बन्धित विद्यालयका शिक्षक अभिभावक संघको अध्यक्ष - सदस्य
- समाजसेवी , बुद्धिजीवी , शिक्षाप्रेमीबाट कम्तीमा एक जना महिला पर्नेगरी - २ जना सदस्य

**दफाः ५ सल्लाहकार तथा सल्लाहकार परिषदको काम कर्तब्य र अधिकार**

- कोष ब्यबस्थापन समितिको अध्यक्षले आमन्त्रण गरेको वखत बैठकमा उपस्थित हुने ।
- समितिलाई आवश्यक तथा उचित सल्लाह दिने ।
- समितिलाई नियमावली अनुरुप काम कारवाही गर्न सचेत र सजग गराइराख्ने ।

कटारी नगरपालिका राजपत्र

**दफाः ६ पदाधिकारीहरुको पदावधि , पद रिक्तता  तथा पद पूर्ति सम्बन्धी व्यवस्थाः**

**क) अध्यक्षको पदावधि -** अक्षयकोषको व्यवस्थापन समितिको अध्यक्षको पदावधि बि.ब्य.स.को अध्यक्ष पद बहाल रहेसम्म हुनेछ ।

**ख) संरक्षकको पदावधि-** यस कार्यविधिको परिच्छेद ३ दफा ४ को क मा उल्लेख भएअनुसार निज संरक्षक आजीवन सदस्य पदमा रहनेछ ।

ग) मनोनित सदस्यहरुको पदावधि ३ बर्षको हुनेछ ।

**घ) पद रिक्तताः** निम्नलिखित अवस्थामा समितिका पदाधिकारीहरुको पद रिक्त हुनेछ ।

- राजिनामा दिएमा ।
- नियमावली विपरित कार्य गरी कारबाहीमा परी निस्कासित भएमा ।
- पदावधी समाप्त भएमा ।
- मानसिक असन्तुलन भएमा ।
- मृत्यु भएमा  ।

**ङ) पद पुर्तिः-** कुनै कारण बस कोष ब्यपवस्थापन समितिका पदाधिकारीहरुको पद रिक्त भएमा बि.ब्य.स./ को.ब्य.स. तथा सल्लाहकार समितिको संयूक्त बैठक बसी पदपुर्ति गरिने छ  ।

**दफा : ७ अक्षयकोष ब्यबस्थापन समितिको बैठक :** अक्षयकोष ब्यबस्थापन समितिको बैठक बर्षमा २ पटक बा आवश्यकता अनुसार सो भन्दा बढी पटक पनि बस्न सक्नेछ ।

**दफा : ८ उपनियम बनाउन सक्ने ब्यवस्था :-** आवश्यक परे कार्यविधिको अधिनमा रही विद्यालयको परामर्श र संरक्षकको सहमतिले अक्षयकोष ब्यवस्थापन समितिले उपनियम पनि बनाउन सक्नेछ ।

## परिच्छेद : - ५

**दफा : १ आर्थिक स्रोत :** आर्थिक स्रोत देहायबमोजिम हुनेछ ।

- दाताबाट प्राप्त भएको रकम ।
- बैंकबाट प्राप्त ब्याजको रकम ।

**दफा : २ सामाजिक परीक्षण सम्बन्धि व्यवस्थाः** प्रत्येक आ.व. को अन्त्यमा विद्यालयले कोषको आय व्यय सम्बन्धी सामाजिक लेखा परीक्षण गराई हिसाब चुस्त दुरस्त राख्नु पर्नेछ ।

**दफा : ३ असुल उपर गरिने** : कोषको रकम कुनै ब्यक्तिले हिनामिना वा मासमस्यौट गरेमा सो को साँवा ब्याज सरकारी रकम सरह कोष ब्यबस्थापन समितिले असुल उपर गर्न सक्नेछ ।

**परिच्छेद : - ६**

**दफा : १ अक्षय कोषको छापः-** कोषका लागि एउटा छाप हुनेछ । उक्त छापमा गोलो घेरा भित्र श्री जनमुखी मा.वि. बसेरी कटारी १२ उदयपुर स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत छात्रवृत्ति अक्षय कोष र बीच भागमा खुल्ला किताव र कलम अंकित तस्विर रही तल स्था.२०८० उल्लेख हुनेछ ।

**दफा : २ बाधा अड्काउ सम्बन्धी ब्यवस्था** : यस कार्यविधिको ब्याख्या गर्ने र कुनै बाधा अड्काउ व्यबधान आई परेमा वि.व्य.स. अध्यक्ष , अक्षय कोष दाता र सदस्यहरुको बहुमतबाट निर्णय हुनेछ ।

**दफा : ३ कार्यविधिको ब्यबस्थापन तथा संसोधन** : यस कोषको कार्यविधिले समेट्न नसकेका छुट र अपुग भएका थप घट गर्नुपर्ने केही विषय भए कोष ब्यवस्थापन समिति , समितिका संरक्षक र विद्यालयको आपसी सहमति र समन्वयमा प्रस्तावनाको प्रतिकुल नहुने गरी कटारी नगरपालिकामा पेश गर्ने र कार्यपालिकाले संशोधन गर्ने छ ।

अनुसूची - १

स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत छात्रवृत्ति वापतको

अक्षय कोष २०८०

श्री जनमुखी मा.वि. बसेरी कटारी , १२ उदयपुर मितिः............

जेहेन्दार छात्रवृत्ति प्रमाण पत्रको नमूना

..........प्रदेश.................जिल्ला ................न.पा./गा.पा......वडा नं बस्ने पिता श्री......................... को छोरा/छोरी श्री/सुश्री ...............................ले यस श्री जनमुखी मा.वि. बसेरीबाट शैक्षिक सत्र ................सालको एस.इ.इ. परीक्षामा छात्र /छात्रा तर्फ उत्कृष्ट नतिजाका साथ उत्तीर्ण हुनुभएकाले यस श्री जनमुखी मा.वि. बसेरी स्व. जित बहादुर राउत तथा नेत्र कुमारी राउत जेहेन्दार छात्रवृत्ति वापतको अक्षय कोषको नगद पुरस्कार रु .......... अक्षेरेपी.............................. मात्र बधाई स्वरुप प्रदान गरिएको छ ।

आगामी दिनहरुमा शैक्षिक सफलताको उत्तरोत्तर प्रगतिको कामना ।

अक्षय कोष दाता बि.व्य.स. अध्यक्ष प्रमुख अतिथि प्रधानाध्यापक

प्रमाणीकरणमिति २०८१/०११/१२

आज्ञाले

वनोद भट्टराई

प्रमुख प्रशासकीय अधिकर्त

कटारी नगरपालिका राजपत्र